नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति :२०८२।०१।३०

# प्रेस विज्ञप्ति

समाचार संकलनमा संलग्न रहेकै बेला हिमालय टेलिभिजनका पत्रकार सुरेश रायलाई सिरहा प्रहरी कार्यालयका प्रहरी निरीक्षक राज यादवले दुर्व्यवहार गरेकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही वैशाख २८ गते सिरहाको गोलबजार नगरपालिका-४ स्थित वर्धमान अस्पतालमा सुत्केरी महिलाको मृत्युबारे समाचार संकलन गर्न पुगेका रायलाई यादवले हेलमेट राम्ररी नलगाएको भन्दै दुर्व्यवहार गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ ।

आफ्नो कर्तव्य पालनाका नाममा प्रहरीले अपनाएको यो शैली खेदजनक छ । महासंघ आगामी दिनमा यस्ता कर्म नदोहोऱ्याउन र प्रेसलाई सम्मानपूर्वक व्यवहार गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org